# ऊ शिखर माथि उक्लिरहेछ ।

छिटोछिटो र हतार-हतार
मलाई हेलोसम्म नभनी, ऊ हिँड्यो
म फुटपाथमा उभिएर
वरपर
कुनै साथीको
कुनै आत्मीयको
खोजी गरिरहेको आँखालाई ।

अविराम बग्यो ऊ
पछाडि फर्केर नहेर्दै
आफ्नो पछाडी छोड्दै पुराना अनुहारहरूलाई
पुराना स्मृतिहरूलाई
डाँडा, घर, रुख,
वन, खोल्सा, गल्ली, कुनाकाप्चा,
देउराली र भन्ज्याङ्गहरूलाई
ऊ शहरको सफा, चिप्लो र विशाल मार्गमा
कुदिरहेछ,

अति व्यस्त, तेज वाहनमा
मान्छेहरूलाई 'क्रस' मा उभिन लगाएर
ऊ दौडँदै धरहरामाथि चढ्यो
सबभन्दा अग्लो टावरमाथि
र क्रमशः अरुहरूलाई
आफूभन्दा धेरै सानो, होचो
देख्न थाल्यो,
उसलाई देखेपछि मलाई लाग्न थाल्यो
जिन्दगी यसरी नै छिटो बग्नुको नाम रहेछ ।

उसको गज-पाइलामा
सबै पराजयको तीव्र अनुभूति
पीडाबोध गरिरहेछन्
पुराना आदर्श,

सिद्धान्त र विचारहरू
र ऊ बधाईका वाक्यहरू
सफा कागजमा प्रशंसाका अक्षरहरू
लिफाका हरफहरू, कुदिरहेछ

ऊ शिखरमाथि उक्लिरहेछ
उक्लिरहेछ
उक्लिरहेछ ।

६ ६ ६